नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(आन्तरिक व्यवस्थापन शाखा)

पत्र संख्या :- २०७७/०७८

चलानी .नः 32C

मिति २०७७/०६/०१

**बिषय : कार्यालय सञ्चालन सम्बन्धमा ।**

श्री मन्त्रालय /आयोग /सचिवालय /कार्यालय

सबै ।

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को मिति २०७७।५।२९ च.नं. म.बै/३२१/१०८६ को पत्रानुसार नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७७।५।२९ मा देहाय बमोजिम निर्णय भएकोले सोही बमोजिम गर्नु गराउनुहुन आदेशानुसार अनुरोध छ ।

**नेपाल सरकारको निर्णय**

सबै कार्यालय, निकाय एवं संघ संस्थाहरुले नियमित रुपमा कार्यालय सञ्चालन गरी सेवा प्रवाह गर्ने । यसरी कार्यालय सञ्चालन गर्दा स्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गर्ने /गराउने ।

(बसन्त भट्टराई)

शाखा अधिकृत

**बोधार्थ**

१) सूचना तथा प्रविधि शाखा : प्रस्तुत सूचना मन्त्रालयको वेभसाईटमा राखिदिनुहुन ।

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

च.नं : मं.बै./३२१/१०८६

मितिः २०७७/५/२९

श्री सचिव,
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय ।

कोभिड-१९ सम्बन्धी आदेश जारी गर्ने विषय मं.प.बै.सं. ३२/०७७ मिति २०७७/५/२९ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकोले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु–

नेपाल सरकारको निर्णय–

"विश्वव्यापी महामारीको रूप लिएको कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचार सम्बन्धमा देहायबमोजिम गर्ने गराउने गरी संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम देहायको आदेश जारी गर्ने। सोको सूचना नेपाल राजपत्रमा अतिरिक्ताङ्क गरी प्रकाशन गर्ने।

१. छोटो, मध्यम र लामो दुरीमा जिल्लाभित्र तथा अन्तर जिल्लामा सञ्चालन हुने निजी तथा सार्वजनिक सवारी साधनको सञ्चालन स्थगन गरिएकोमा देहायबमोजिम हुने गरी मिति २०७७/६/१ देखि सञ्चालन गर्ने।
   - (क) सिट क्षमताको ५०प्रतिशत यात्रु रहने।
   - (ख) भौतिक दुरी कायम हुने गरी एक पङ्क्तिको सिटमा १ जना मात्र यात्रु राख्ने। सिटमा बाहेक यात्रु राख्न नपाउने।
   - (ग) सबै यात्रुले मास्क लगाउने।
   - (घ) यात्रु चढ्ने समयमा सवारी साधनको ढोकामा र सवारी साधनभित्र सेनिटाइजरसमेतको व्यवस्था गर्ने।
   - (ङ) चालक तथा सहचालकले मास्क, भाइजर र पञ्जा लगाउने।
   - (च) सवारी साधनलाई दैनिक रूपमा निसङ्क्रमित गर्ने।
   - (छ) यो व्यवस्था लागू रहँदासम्म तोकिएको भाडा दरमा अधिकतम थप ५० प्रतिशतसम्म भाडा लिन सक्ने।

टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

गर्दा जनस्वास्थ्य र सुरक्षाका मापदण्ड कडाइका साथ पूर्ण पालना भए नभएको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले अनुगमन गर्ने।

७. विकास आयोजनाहरू सञ्चालनका लागि अत्यावश्यक पर्ने प्राविधिक जनशक्तिलाई आयोजना सञ्चालन गर्ने सम्बन्धित मन्त्रालयको सिफारिसमा RT-PCR नेगेटिभ भएको (यात्रा गर्नुभन्दा ७२ घण्टाभित्रको) रिपोर्टसहित आयोजनाले व्यवस्था गरेको आवासमा अनिवार्य रूपमा रहने गरी नेपाल प्रवेश गर्न अनुमति दिने। रेल विभाग र KRCL बीच भएको DEMU Train खरिद सम्झौताबमोजिम DEMU Train Sets को Commissioning गर्न नेपाल आउने २० जना भारतीय प्राविधिकलाई RT-PCR नेगेटिभ भएको (यात्रा गर्नुभन्दा ७२ घण्टाभित्रको) रिपोर्टसहित आयोजनाले व्यवस्था गरेको आवासमा अनिवार्य रूपमा रहने गरी नेपाल आउन अनुमति दिने।

८. उपलब्धता र उपयुक्तताको आधारमा दूर शिक्षालगायतका वैकल्पिक सिकाइका माध्यमबाट शिक्षण तथा सिकाइ कार्यलाई निरन्तरता दिने।

९. सबै कार्यालय, निकाय एवं संघ संस्थाहरूले नियमित रूपमा कार्यालय सञ्चालन गरी सेवा प्रवाह गर्ने। यसरी कार्यालय सञ्चालन गर्दा स्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गर्ने/गराउने।

१०. देहायबमोजिमका सेवा र कार्यहरू अर्को सूचनाबाट तोकिएको मितिदेखि सञ्चालन गर्ने।

(क) शैक्षिक संस्थाहरू (विद्यालय, कलेज, ट्यूसन सेन्टर, तालिम केन्द्र);
(ख) शैक्षिक र अन्य परीक्षा सञ्चालन;
(ग) सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार;
(घ) सबै प्रकारका प्रदर्शन, भेला तथा सम्मेलन;
(ङ) सिनेमा हल, पार्टीप्यालेस, डान्सबारलगायतका मनोरञ्जन स्थल;
(च) सैलुन, ब्यूटिपार्लर तथा स्पा;
(छ) स्वीमिङपुल, जिमखानालगायत हेल्थ क्लब;
(ज) समूहमा खेलिने खेलकुद र खेल मैदानमा हुने प्रस्तुति;
(झ) अन्तर्राष्ट्रिय खेलकुदका प्रशिक्षण तथा प्रारम्भिक चरणका खेल;
(ञ) सबै प्रकारका धार्मिक तथा सामाजिक स्थल;
(ट) पुस्तकालय, संग्रहालय र चिडियाखाना।

टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०३७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np